नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तनहुँ

☎ ०६५- ५६०१३३, ५६०१०९, ५६२६१३
फ्याक्स-:०६५-५६०१०७

पत्र संख्या -:०७८/७९
चलानी नम्बर -:
प्राप्त पत्र संख्या

## जिल्ला प्रशासन कार्यालय तनहुँबाट जारी आदेश

कोभिड-१९ को बढ्दो संक्रमणलाई दृष्टिगत गरी सोको रोकथाम तथा नियन्त्रण र उपचारलाई थप प्रभावकारी बनाउन कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (सिसिएमसिसि) को सिफारिस एवं गृह मन्त्रालयको निर्णय, संक्रामक रोग ऐन २०२० को दफा २ ले दिएको अधिकार र स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी यस जिल्लामा मिति २०७८।०९।२९ गते राती १२;०० बजे देखि अर्को व्यवस्था नभएसम्म लागु हुने गरी देहायको आदेश जारी गरिएको छ ।

देहाय

१. कोभिड-१९ को बढ्दो संक्रमणलाई दृष्टिगत गरी घर बाहिर वा सार्वजनिक स्थलमा निस्किदा सबैले मास्कको अनिवार्य प्रयोग गर्ने, भौतिक दुरी कायम गर्ने, समय समयमा साबुन पानीले हात धुने स्यानिटाइजरको प्रयोग गर्ने लगायतका स्वास्थ्य मापदण्डको अनिवार्य पालना गर्ने, गराउने ।
२. राजनीतिक, आर्थिक, सामाजिक, व्यवसायिक तथा अन्य गतिविधिहरु संचालन गर्दा मास्कको अनिवार्य प्रयोग गर्ने, भौतिक दुरी कायम गर्ने, पटक पटक साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने र नेपाल सरकारले तोकेको मापदण्ड पूर्णरुपमा पालना गरेर मात्र गर्ने, गराउने ।
३. सार्वजनिक स्थलमा सबै प्रकारका राजनीतिक तथा धेरै मानिस उपस्थित हुने गरी प्रशासनीक तथा सामाजिक एवं यस्ता प्रकृतिका कार्यक्रम नगर्ने, नगराउने । अत्यावश्यक नियमित कार्यक्रमहरुको हकमा स्थानीय प्रशासनको अनुमति लिएर मात्र स्वास्थ्य मापदण्डको पालना गरी, गराई गर्ने व्यवस्था मिलाउने ।
४. २५ जना भन्दा बढी मानिसको उपस्थित हुने गरी कुनै पनि किसिमको मेला, भेला तथा महोत्सवहरु एवं सामाजिक लगायतका कार्यहरु नगर्ने, नगराउने ।
५. सार्वजनिक स्थानहरु (कार्यालय, होटल रेष्टुरेन्ट, सिनेमा हल, रंगशाला, हवाई यात्रा पार्क आदी) मा प्रवेश गर्दा यही माघ ७ गते देखी कोभिड-१९ विरुद्धको खोप लगाएको कार्ड (मोबाईलमा फोटो भएपनि हुने) साथमा राख्ने र यस्ता सबै निकायहरुले खोप कार्ड हेरेर मात्र प्रवेश दिने व्यवस्था गर्ने ।
६. यही माघ ७ गते देखि जिल्लाभित्रका सबै सार्वजनिक निकायमा सेवा प्राप्त गर्न खोप कार्ड (मोबाईलमा फोटो भएपनि हुने) अनिवार्य गर्ने ।
७. स्वास्थ्य कार्यालयले स्थानीय तहसँग समन्वय गरी निशुल्क एन्टिजेन टेस्ट परिक्षणको दायरा फराकिलो बनाई नियमित परिक्षण गर्ने गराउने ।
८. कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्रको सिफारिसमा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सूचना बमोजिम २०७८ माघ १५ गतेसम्म भौतिक उपस्थितिमा पठनपाठन संचालन नगर्ने, नगराउने र पूर्व निर्धारित सेमेष्टर र वार्षिक परिक्षाहरुको हकमा स्वास्थ्य मापदण्ड पालना हुने गरी जेड आकारमा बसाई व्यवस्था गरी संचालन गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
त[illegible]
०६५- ५६०१३३ ५६०१०९ ५६२६१३
फ्याक्स-:०६५-५६०१०७

पत्र संख्या -:०७८/७९
चलानी नम्बर -:
प्रास पत्र संख्या

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय तनहुँ

९. सार्वजनिक सवारी साधनहरु स्वीकृत सिट क्षमता भन्दा बढी यात्रु नराख्ने, सबै यात्रुहरुले अनिवार्य रुपमा मास्क लगाउने, सवारी साधनमा प्रवेश गर्न नदिने, चालक र सहचालकले अनिवार्य मास्क र सवारी साधन दैनिक रुपमा स्यानिटाइज गर्नु पर्ने ।

१०. खोज र खोप कार्यक्रमलाई सफल बनाउन स्वास्थ्य सुरक्षा मापदण्डको पालना हुने गरी खोप अभियानलाई सबै स्थानीय तहले तिब्रता दिने ।

११. कोभिड-१९ को सम्भावित तेस्रो लहरबाट जोगिन उपयुक्त स्वास्थ्य सतर्कता अपनाउने र जनस्वास्थ्य मापदण्डको कडाईका साथ पालन गर्ने, गराउने सम्वन्धी सूचना प्रकाशन तथा प्रशारणका लागि जिल्ला स्थित सबै स्थानीय तह संचार माध्यमहरुलाई विशेष अनुरोध गर्ने ।

१२. कोभिड-१९ सम्वन्धी आदेशको प्रभावकारी पालना सम्वन्धमा सुरक्षा निकायबाट नियमित तथा आकस्मिक अनुगमन हुने । अनुगमनका क्रममा यस आदेशको अवज्ञा भएको पाईएमा संक्रामक रोग ऐन, २०२० अनुसार कारबाही हुनेछ ।

०७८।५।२५

प्रमुख जिल्ला अधिकारी